**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०५ जून २०२४

समयः १८:५० - १९:०० बजे

**<u>प्रमुख समाचार</u>**

१. राष्ट्रपति द्रौपदी मुर्मूले 17औ लोकसभा भंग गर्नुभएको छ।

२. आज विश्व पर्यावरण दिवस। यस अवसरमा देश लगायत दार्जिलींग पहाडको बिभीन्न स्थानहरुमा विविध कार्यक्रमको साथमा पालन गरियो।

३. लोकसभा चुनावको परिणाम सार्वजनिक भएपछि राजनीतिक दलहरूको सरकार गठनका लागि प्रयास तीव्र एनडीए तथा ) गठबन्धनको बैठक नया दिलीमा जारी

४. पश्चिम बङ्गालमा तृणमूल कङ्ग्रेसको २०१९ को तुलनामा २०२४ को लोकसभा चुनावमा दुई प्रतिशतभन्दा अधिक मत प्राप्त भएको छ

५. बीजेपीले दार्जिलिङ लोकसभा निर्वाचन क्षेत्रबाट लगातार चौथो कार्यकालका लागि विजय प्राप्त गरेकोमा सासद राजु बिष्टले सम्पुर्ण जनताप्रति आभार प्रकट गर्नुभएको छ।

**<u>राष्टपति</u>**

राष्ट्रपति द्रौपदी मुर्मूले निवर्तमान मन्त्रीहरूका लागि आज राति ८ बजे राष्ट्रपति भवनमा बिदाइ भोजको आयोजना गर्नुहुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रपति मुर्मूलाई राजीनामा बुझाउनु भएको छ ।

****** ० ******

**<u>पर्यावरण दिवस</u>**

विश्व पर्यावरण दिवसका अवसरमा राष्ट्रपति द्रौपदी मुर्मूले राम्रो र हरित विश्व निर्माणका लागि हातेमालो गर्न र सामूहिक प्रयास गर्न आह्वान गर्नुभयो। राष्ट्रपति मुर्मूले सामाजिक सञ्जाल मार्फत पृथ्वी माताको रक्षा गर्नु सबैको दायित्व रहेको उल्लेख गर्दै सबैलाई अघि आउने आवहान गर्नुभयो। वहाले अझै भन्नुभयोए शहामी प्राकृतिक स्रोतसाधनको सम्पत्ति हौंए त्यसको मालिक होइनौं। यसैगरी उपराष्ट्रपति जगदीप धनखड़ले पर्यावरण दिवसको अवसरमा मानिसहरूलाई शुभकामना व्यक्त गर्दै मानवता र प्रकृतिबीचको सद्भाव नै दिगो जीवनको आधार भएको बताउनु भएको छ। उहाँले भन्नुभयोए ष्हाम्रो सभ्यतागत लोकाचारले नै हामीलाई प्रकृतिसँग सद्भावपूर्ण जीवन जिउन मार्गदर्शन गर्छ। प्रधानमन्त्री नरेन्द्र मोदीले विश्व पर्यावरण दिवसका अवसरमा श्एक रूख मा की नामश् अभियानको शुभारम्भ गर्नुभयो। यसै क्रममा प्रधानमन्त्रीले आज बुद्ध जयन्ती पार्कमा वृक्षारोपण गर्नुभएको छ। यस अभियानको उद्देश्य देशभर करोडौं वृक्षारोपण का लागि एक अद्वितीय जनआन्दोलन सिर्जना गर्नु हो।

****** ० ******

**<u>दार्जिलिङ पर्यावरण</u>**

आज 5 जून विश्व पर्यावरण दिवस दार्जीलिङ, खरसाङ, मिरिकलगायत विभिन्न ठाउँहरूमा पालन गरियो। विभिन्न वृक्षका पौधाहरू रोपेर पालन गरिएको यस विश्व पर्यावरण दिवस समारोहमा प्रत्येक वर्ष जस्तै यसपाली पनि कैयौं सर्वसाधारण जनताले सहभागिता जनाएका थिए। पश्चिम बंगाल वन विभाग टङ्लु रेञ्जअन्तर्गत मानेभञ्ज्याङ बीट अनि दामेगाउँ जोइण्ट फरेस्ट म्यानेजमेन्ट कमिटीको संयुक्त पहलमा विश्व पर्यावरण दिवस पालन गरियो। यस अवसरमा रेञ्ज अफिसर डी. माइतीको पनि विशेष उपस्थिति

रहेको थियो। फोसेप तथा बन बिभागको मुख्य आयोजना तथा क्षेत्रवासीको सहयोगमा सिंहलिला राष्ट्रिय अरण्य क्षेत्रको सुप्रसिद्द पर्यटन स्थल सन्दकपुमा पर्यावरण दिवसको अवसरमा बृक्षरोपन सँगै सरसफाइ कार्यक्रम गरियो। कार्यक्रममा फोसेपको पक्षमा भरतप्रकास राईसँगै बन बिभागका कर्मचारीहरुए सन्दकपु क्षेत्रका होटल सञ्चालकहरु एव सर्वसाधारणको विशेष उपस्थिति थियो। यसै गरी लेबोङस्थित शिक्षा संघ उच्चत्तर माध्यमिक विद्यालयमा पनि विश्व पर्यावरण दिवस पालन गरियो। न्यु लाईट एकाडेमीका विद्यार्थी तथा शिक्षकहरूले विश्व पर्यावरण दिवसको अवसर पारेर विभिन्न वृक्षका पौधाहरू रोपे साथै स्कूल परिसर वरिपरि सफाई अभियान पनि चलाए। खरसाङ महकुमा अन्तर्गत घैयाबारीको ब्लु डाईमण्ड अंग्रेजी स्कूलको आयोजनामा विविध कार्यक्रमहरू साथ विश्व पर्यावरण दिवस पालन गरियो। यसै क्रममा नोल डाँडा स्वाभिमान संघ , मिरिकको सामाजिक संस्था पारिजात संघ, थर्बु प्राथमिक पाठशाला आदिले पनि वृक्षरोपण गरेर पर्यावपण दिवस पालन गरे।

****** ० ******

**मतगणना**

लोकसभा चुनावको नतिजा सार्वजनिक भएपछि राजनीतिक दलहरूले सरकार गठनका लागि प्रयास तीव्र पारेका छन् । मतगणना पुरासगै भाजपा नेतृत्वको एनडीए गठबन्धनले देशभरबाट २९२ सिट जितेको छ । जसमा भाजपा एक्लैले २४० सिट जितेको छ भने तेलुगु देशम पार्टीले १६ र जनता दल यूनाईटेडले १२ सिट जितेका छन् । यसैगरी आई.एन डी.आई ए (छक्प्द्ध गठबन्धनले २३३ सिट जितेको छ भने अन्यको खातामा १८ सिट गएको छ । कांग्रेसले ९९ए समाजवादी पार्टीले ३७ए तृणमूल कांग्रेसले २९ र डीएमकेले २२ सिट जितेका छन् । बिजयी हुने प्रमुख उम्मेदवारहरुमा वाराणसीबाट प्रधानमन्त्री नरेन्द्र मोदीए गान्धीनगरबाट केन्द्रीय मन्त्री अमित शाहए कोटाबाट ओम बिरलाए बिकानेरबाट अर्जुनराम मेघवालए जोधपुरबाट गजेन्द्र सिंह शेखावतए गुनाबाट ज्योतिरादित्य सिन्धियाए मैनपुरीबाट डिम्पल यादव र आसनसोलबाट टीएमसीका शत्रुघन सिन्हा प्रमुख छन् भने हार हुनेहरुमा खुन्टीबाट भाजपा नेता तथा केन्द्रीय मन्त्री अर्जुन मुण्डाए अमेठीबाट स्मृति इरानीए बारामूलाबाट नेसनल कन्फरेन्सका नेता उमर अब्दुल्ला र अनन्तनाग सीटबाट पीडीपी नेता महबूबा मुफ्ती प्रमुख छन् ।

****** ० ******

**एनडीए-बैठक**

नयाँ दिल्लीस्थित प्रधानमन्त्री नरेन्द्र मोदीको निवासमा एनडीएका घटकहरूको बैठक जारी छ। बैठकमा प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा लगातार तेस्रो पटक नयाँ सरकार गठनको रूपरेखा तयार गरिने बताइएको छ । बैठकमा तेलुगु देशम पार्टीका प्रमुख एन चन्द्रबाबू नायडुए जनता दल युनाइटेडका प्रमुख एवं बिहारका मुख्यमन्त्री नितिश कुमारए एलजेपी प्रमुख चिराग पासवान र एनडीएका घटक दलका नेता सहभागी छन् अर्कोतिर आईएनण्डीणआईणए गठबन्धनको बैठक पनि आज साँझ र कांग्रेस अध्यक्ष मल्लिकार्जुन खड़गेको निवासमा बैठक बस्न लागेको छ ।

****** ० ******

**शुभकामना**

भारतीय जनता पार्टीले लोकसभा चुनावमा लगातार तेस्रो जित हासिल गरेकोमा विश्वका नेताहरूले बधाई दिएका छन् । श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमासिंघेले सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री मोदीलाई शुभकामना व्यक्त गर्दै भारतसँगको बलियो साझेदारीको कामना गर्नुभयो भने भुटानका प्रधानमन्त्री छिरिङ तोब्गेले पनि दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउन मोदीसँग मिलेर काम गर्ने आशा व्यक्त गर्नुभयो। यसैगरी इटालीए मौरिससए नेपालए माल्दिभ्स लागायतका राष्ट्रिय प्रमुखले बधाई दिएका छन अर्कोतिर प्रधानमन्त्री मोदीले शुभकामनाका लागि सबै नेताहरूलाई धन्यवाद दिँदै भविष्यमा उनीहरूले मिलेर काम गर्ने आशा व्यक्त गर्नुभयो।

****** ० ******

**मत प्रतिशत**

पश्चिम बङ्गालमा तृणमूल कङ्ग्रेसको २०१९ को तुलनामा २०२४ को लोकसभा चुनावमा दुई प्रतिशतभन्दा अधिक मत प्राप्त भएको छ जुन ४३.७ प्रतिशतबाट ४५.७७ प्रतिशत पुगेको छ। यसैको दममा टीएमसीले राज्यका २९ लोकसभा सिटमा शानदार

जित हासिल गरेको छ जो २०१९ को लोकसभा चुनावको तुलनामा टीएमसीले सात सिट अधिक हो । अधिकांश एक्जिट पोलले यस वर्ष पश्चिम बङ्गालमा तृणमूलको मत प्रतिशत सात प्रतिशतले घटेर ३६ प्रतिशत को हाराहारीमा पुग्ने अनुमान गरेका थिएए तर सर्वेक्षणको नतिजाले उक्त भविष्यवाणीलाई गलत साबित गरेको छ। अर्कोतर्फए राज्यमा भाजपाको मत प्रतिशतमा दुई प्रतिशतभन्दा बढीको गिरावट आएको छ जुन निर्वाचन विश्लेषकहरूले गरेको पूर्वानुमानको विपरीत छ। भाजपाले यस पटक बङ्गालमा ३८.७३ प्रतिशत मत प्राप्त गरेको छ भने २०१९ को लोकसभा चुनावमा पार्टीले ४०.६ प्रतिशत मत प्राप्त गरेको थियो। पार्टीले राज्यमा अघिल्लो पटक १८ सिट जितेको थियोए जुन यस पटक १२ मा झरेको छ।

****** ० ******

**पश्चिम बंगाल**

पश्चिम बङ्गालमा तृणमूल कङ्ग्रेसले २९ सिट जितेको छ । बिजेता हुने उम्मेवारहरुमा अभिषेक बनर्जीए कीर्ति झा आजाद, शत्रुघ्न प्रसाद सिन्हा प्रामुख छन भने अभिषेक बनर्जीले सात लाखभन्दा बढी मतान्तरले बिजयी बनेका छन । भाजपाले राज्यमा १२ सिट जितेको छ । भाजपाका तर्फबाट मनोज तिग्गाए डा. जयन्तकुमार रोय राजु बिस्ट र केसी पाल विजयी भएका छन् । बांकुरा सीटबाट भाजपा उम्मीदवार अनि शिक्षा राज्य मंत्री डॉ. सुभाष सरकारले आफ्नो सिट गुमाए। मताप शंकरले सोनादाको रिङटाङ चियाबारी मालीबस्तीका मताप शंकरले गणित (डंजीमउंजपबे द्ध विषयमा शोध गरेर पीएचडी पास गरि डक्टरेटको उपाधी प्राप गरेए उच्च शिक्षाको निम्ति अब चीन (बीपदंद्ध जानेछन्। सुखिया पोखरी खण्ड विकास अन्टर्गत पर्ने रिंगटोङ चियाबारीको माली बस्ती जस्तो सानो गाउँबाट गणित जस्तो गाह्रो विषयमा पीएचडी गरेर क्षेत्रको नाउँ उच्च राख्न सक्षम भएका छन मताप शंकरले। स्वर्गीय पिता जीवन शंकर अनि स्वर्गीय माता मङ्गलमति शंकरको छोरा मताप शंकर हाल गणितमा पीएचडी डक्टरेटको उपाधी हासिल गरेका छन। यसै महिना जूनमा उनी उच्च शिक्षाको निम्ति चीन (बैपदं द्ध को संघाई शहर जाने उनले बताएका छन। गणित जस्तो गाह्रो विषयमा पीएचडी गरेर गाउँ समाज मात्रै नभएर सम्पूर्ण पहाडको नाउँ उच्च राखेकोमा डा. मताप शंकरलाई गत १७ मार्च २०२४ को दिन माली बस्ती ग्राम सुधार समिति (समाज) ले एउटा भब्य कार्यक्रमको आयोजना गरेर सम्बर्दाना जनाएको थियो।

****** ० ******

**उपचुनाव**

राज्यको ४२ लोकसभा सिटमध्ये २९ सिटमा जितेको तृणमूल कंग्रेसले दुई विधानसभा क्षेत्रमा भएको उपचुनावमा पनि पार्टीले विजय हासिल गरेको छ । जसमा मुर्शिदाबाद जिल्लाको भगवानगोला विधानसभा क्षेत्रमा भएको उपचुनावमा रेयात हुसैन सरकारले कांग्रेस उम्मीदवार अंजू बेगमलाई 15ए615 मतान्तरले हराए भने उत्तर २४ परगनाको बारानगरमा तृणमूल कांग्रेसकी उम्मेदवार तथा अभिनेत्रीबाट राजनीतिज्ञ बनेकी सायंतिका बनर्जीले भाजपा उम्मेदवार सजल घोषलाई पराजित गरिन् ।

****** ० ******

**बिस्ट**

जनताको अनुकम्पा अनि आशीर्वादए तथा प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा बीजेपीले दार्जिलिङ लोकसभा निर्वाचन क्षेत्रबाट लगातार चौथो कार्यकालका लागि ऐतिहासिक विजय प्राप्त गरेकोमा सासद राजु बिष्टले सम्पुर्ण जनताप्रति आभार प्रकट गर्नुभएको छ साथमा आफुप्रती विश्वास राखेकोमा आफ्नो जिम्मेवार बडेको वहाँले उल्लेख गर्नुभयो एक समाजिक पोस्ट मार्फत आफु गठबन्धन पार्टीका नेतागण अनि कार्यकर्ताहरूए तथा हाम्रो बीजेपी जिल्ला, मण्डल शक्ति केन्द्र, र बुथ स्तरका नेतृत्वगण अनि कार्यकर्ताहरू प्रति कृतज्ञ रहने तथा उहाँहरूको कड़ा परिश्रमको कारण आफू यहाँसम्म पुगेको बताउनु भएको छ। अर्कोतिर यो विजय हाम्रो निर्वाचन क्षेत्रका जनतालाई समर्पित गर्ने बिष्टले उल्लेख्य गर्दै निर्वाचन क्षेत्रका जनताको हितलाई सर्वोपरि राख्दै जनताका आकांक्षाहरूको पूर्ति गर्न अहोरात्र खट्ने समेत बताउनु भयो।

****** ० ******

**लाभा दुर्घटना**

कालेबुङ लाभादेखि केही तल वाहन दुर्धटना हुँदा चालकसहित तीनजनाको मृत्यु भएको छ। वाहन दुर्घटनामा चालकसँग एउटै परिवारका कालेबुङ साङ्से फिकले निवासी दिपेश छेत्री र उनका 10 महिना शिशुको घटनास्थलमा नै मृत्यु भएको बताइएको

छ।पथरझोडाबाट लाभा हुँदै कालेबुङ गइरहेको समय मंगलवार मध्यराति लगभग 12 देखि 1 बजीतिर उक्त दुर्घटना भएको पुलिस सूत्रले जनाएको छ। उक्त वाहन लाभा बजारदेखि केही तल आइपुग्दा वाहन चालकले नियन्त्रण गुमाएपछि सड़कदेखि 500 फिट तल झरेको थियो। उक्त वाहनमा चालकसँग एउटै परिवारका चारजना सदस्यहरू सवार थिए। दुर्घटनाग्रस्त हुँदा वाहन कालेबुङ साङ्गसे फिकले निवासी चालक नितेश छेत्री अनि एउटै परिवारका दिपेश छेत्री र उनको 10 महिना शिशुको घटनास्थलमै मृत्यु भएको हो। दिपेश छेत्रीकी श्रीमती र नानी भाग्यले बाँचेका छन्। गम्भीर रूपमा घाइते बनेका दिपेशकी श्रीमती र नानी हाल कालेबुङ जिल्ला अस्पतालमा उपचाराधीन छन्।

****** ० ******

**मताप शंकर**

सोनादाको रिङटाङ चियाबारी मालीबस्तीका मताप शंकरले गणित (डंजीमउंजपबे द्ध विषयमा शोध गरेर पीएचडी पास गरि डक्टरेटको उपाधी प्राप गरेए उच्च शिक्षाको निम्ति अब चीन (बीपदंद्ध जानेछन्।सुखिया पोखरी खण्ड विकास अन्टर्गत पर्ने रिंगटोङ चियाबारीको माली बस्ती जस्तो सानो गाउँबाट गणित जस्तो गाह्रो विषयमा पीएचडी गरेर क्षेत्रको नाउँ उच्च राख्न सक्षम भएका छन मताप शंकरले। स्वर्गीय पिता जीवन शंकर अनि स्वर्गीय माता मङ्गलमति शंकरको छोरा मताप शंकर हाल गणितमा पीएचडी डक्टरेटको उपाधी हासिल गरेका छन। शुरुवाती शिक्षा गाउँकै एस॰एस॰के॰ बाट शुरु गरि कक्षा पाँच सम्म दोकान डाडा हिलक्वीनमा अध्यायन गरेपछि मार्ग्रेटसहोप जुनियर स्कुलबाट कक्षा आठसम्म पढेर दिलाराम सन्त जेभियर्स उच्च बिधालयबाट माध्यामिक पास गरे। एघारौ अनि बाह्रौ कक्षा खरसाङको पुष्पारानी रोय मेमोरियल स्कूलबाट उच्च माध्यमिक पास गरि बी.एस्सी खरसाङ महाबिधालयबाट पास गरेर उनले मस्टर्स अथवा एम. एस्सी गुवाहाटीको आई. आई. टी. बाट विश्व विद्यलयबाट बाट नै उनले पीएचडी पनि उतीर्ण गरे।यसै महिना जूनमा उनी उच्च शिक्षाको निम्ति चीन (बिपदं द्ध को संघाई शहर जाने उनले बताएका छन। गणित जस्तो गाह्रो विषयमा पीएचडी गरेर गाउँ समाज मात्रै नभएर सम्पूर्ण पहाडको नाउँ उच्च राखेकोमा डा. मताप शंकरलाई गत १७ मार्च २०२४ को दिन माली बस्ती ग्राम सुधार समिति (समाज) ले एउटा भब्य कार्यक्रमको आयोजना गरेर सम्बर्दाना जनाएको थियो।

****** ० ******

**मन घिसिङ**

गोरामुमो अध्यक्ष मन घिसिङले आज केन्द्रीय कार्यालय दार्जीलिङमा पत्रकार सम्मेलनआयोजना गरी राजु बिष्टलाई भारी मत दिएर बिजयी बनाएकोमा सबैलाई धन्यवाद दिनु भएको छ। उहाँले यो हाम्रो अन्तिम सघाउ हो भनी बताउँदै बंगालको आगामी बिधानसभा चुनाव अघि नै गोर्खालाई न्याय दिनु पर्छ भनी बताउनु भयो । यदि यसो हुन नसकेको खण्डमा पहाडमा अर्कै परिस्थिति

भएर जानेछ भन्ने आफूलाई लागेको पनि उहाँले भन्नु भयो। उहाँले भन्नुभयो - गोर्खा जातिले राजु बिष्टलाई मुद्दाकै निम्ति दोस्रो पटक पनि आफ्नो मत दिएर बिजयी बनाएको हो । वर्तमान समय पहाडमा चलिरहेको ब्यवस्थाले जनता दिक्क भएका छन् । यस्तो ब्यवस्था खारेज हुन पर्छ अझै पनि यो ब्यवस्था कायम रहे पहाडको भविष्य अझ गम्भीर भएर जानेछ । यसकारण भारत सरकारले चाडैं नै गोर्खा जातिको सुरक्षाको निम्ति संवैधानिक ब्यवस्था दिनुपर्छ।

****** ० ******

**महिला सशक्तिकरण**

महिला सशक्तिकरण तथा स्वनिर्भरको नाराको साथमा दार्जीलिङ पुलबजार खण्डको रेलिङ ग्रामको लामा गाउँमा सिलाई केन्द्रको विधिवत् उत्घाटन गरियो। लामा गाउँ फर्मश कम्पनीका डाइरेक्टर साथै समाजसेवी बिसेस सुब्बाको बिशेश पहलमा शुरु गरिएको केन्द्रले महिला सशक्तिकरण सङ्गै स्वनिर्भर बनाउन प्रमुख पहल गर्नेछ भने नष्ट गरिएको सर समानबाट उपयोगी सामानहरू बनाउन प्रमुख भुमिका खेल्नेछ।

****** ० ******